तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ९/०७९/०८० (१३९) मिति २०७९/१२/२४ गते ।

प्रस्तावहरुः

१. तिलोत्तमा नगरपालिकाका देहायका कार्यविधिहरुमाथि छलफल सम्बन्धमाः
   क) तिलोत्तमा नगरपालिकाको तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९,
   ख) तिलोत्तमा नगरपालिकाको गुट्खाजन्य पदार्थ विक्री वितरण नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि, २०७९
   ग) तिलोत्तमा नगरपालिकाको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९,
   घ) तिलोत्तमा नगरपालिकाको आपतकालिन कार्य संचालन कोष संचालन कार्यविधि, २०७९,
   ङ) तिलोत्तमा नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७९,
   च) तिलोत्तमा नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०७९ ।

२. "घ" वर्गको इजाजतपत्र प्रदान गर्न स्वीकृती सम्बन्धमा ।
३. ट्राफिक आइल्याण्ड सम्बन्धमा ।
४. नदीजन्य पदार्थको बोलपत्र स्वीकृती सम्बन्धमा ।
५. इन्धन खर्च शीर्षकमा बजेट थप सम्बन्धमा ।
६. सचिवालय बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
७. योजना संशोधन सम्बन्धमा ।
८. जिल्ला समन्वय समितिको निर्णयहरु जानकारी सम्बन्धमा ।
९. तिलोत्तमा उद्योग व्यापार संगठनलाई व्यापार मेला कार्यक्रम संचालन खर्च सम्बन्धमा ।
१०. विविध ।
   (क) कोरोना भाईरस सम्बन्धमा ।
   (ख) पुंजीगत तर्फका योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

निर्णय नं.-१

- विधेयक समितिबाट पेश भई आएको देहायका कार्यविधिहरु उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।
    - क) तिलोत्तमा नगरपालिकाको तिनपांग्रे सवारीका साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९,
    - ख) तिलोत्तमा नगरपालिकाको गुट्खाजन्य पदार्थ विक्री वितरण नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि, २०७९

**साथै तपसिलका कार्यविधिहरु आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।**

- क) तिलोत्तमा नगरपालिकाको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९,
- ख) तिलोत्तमा नगरपालिकाको आपतकालिन कार्य संचालन कोष संचालन कार्यविधि, २०७९,
- ग) तिलोत्तमा नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७९,
- घ) तिलोत्तमा नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०७९ ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिका वडा नं.-.१४, तिनधुरा स्थित पालपाली निर्माण सेवाले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्नको लागि आवश्यक कागजात सहित निवेदन पेश गरेकोमा सो सम्बन्धमा गठित जाचँबुझ तथा सिफारिस समितिको मिति २०७९/०७/२९ गतेको सिफारिस अनुसार "तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन)" को दफा ४ अनुसार उक्त निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

मिति २०७६/११/२२ गते तिलोत्तमा नगरपालिका र एपेक्स नेपाल प्रा.लि. बासबारी काठमाडौं बीच तिलोत्तमा नगरपालिका अन्तर्गत पर्ने सिक्सलेन सडकको मुख्य चोकहरुमा ट्राफिक आइल्याण्ड एपेक्स नेपाल प्रा.लि.ले आफ्नो खर्चमा निर्माण गर्ने, त्यसमा विज्ञापन सामग्री राखी निर्माण सम्पन्न भएको मितिले १५ वर्षको अवधी सम्म त्यसको रेखदेख तथा संचालन सम्बन्धी कार्य गर्ने र त्यस वापत वार्षिक रु.६,०००/- दरले (प्रत्येक वर्ष १०



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

प्रतिशतका दरले वृद्धि हुने) नगरपालिकालाई विज्ञापन कर बुझाउने गरी सम्झौता भएको र सोही सम्झौताको **परीक्षण काल तथा कार्य प्रारम्भ र स्वामित्व हस्तान्तरण** सम्बन्धी व्यवस्थाको शर्त नं.१ मा निर्माण कार्य सुरु भएको मितिले चार महिनाभित्र कार्य सम्पन्न गरी कार्यालयमा प्रतिवेदन पेश नगरेमा  समझदारी पत्र रद्द हुने प्रावधान रहेको तर मिति २०७९/०६/३० गते सम्म उक्त संस्थाको तर्फबाट निर्माण सम्पन्नको कुनै पनि जानकारी नगरपालिकालाई प्राप्त नभएको साथै हालसम्म नगरपालिकालाई सम्झौता बमोजिमको कुनै पनि राजश्व प्राप्त नभएको र सम्झौताका वखत धरौटी र बैंक ग्यारेन्टी समेत संलग्न गरेको नदेखिएको तथा मिति २०७९/०६/३१ गते मात्र उक्त संस्थाबाट भर्खरै निर्माण सम्पन्न भएकोले निर्माण सम्पन्न पत्र उपलब्ध गराउन र यसै आ.व.बाट नगरपालिकालाई राजस्व तिर्ने गरी निवेदन पेश हुन आएकाले उक्त संस्थाले सम्झौताका शर्तहरु पालना नगरेको देखिएकोले सम्झौता भएको मिति देखि मिति २०७९/०६/३१ गते सम्मको उक्त संस्थाले नगरपालिकालाई बुझाउनुपर्ने राजस्व असुल उपर गरी सम्झौताको **परीक्षण काल तथा कार्य प्रारम्भ र स्वामित्व हस्तान्तरण** सम्बन्धी व्यवस्थाको शर्त नं.१ को प्रावधान बमोजिम उक्त संस्थासँगको सम्झौता रद्द गर्ने र उक्त संस्थालाई ट्राफिक आइल्याण्डहरु तत्काल हटाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-४

तिलोत्तमा नगपालिकाको  मिति २०७९/११/०२ गते प्रकाशित नदीजन्य पदार्थ उत्खनन् कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम पर्न आएका बोलपत्रहरु उपर कार्यबाही हुँदा तपसिल बमोजिमका बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो । साथै बोलपत्र पेश हुन नआएको सुखौरा खोलाको आय ठेक्का नं.२२-०७९/०८० गणेश नगर खण्ड पुल देखि पूर्व तर्फ खण्डको आय ठेक्का पुन: १५ दिने सूचना मिति २०७९/१२/१५ गतेमा प्रकाशन भएको उक्त सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | बोलपत्र नं. | उत्खनन् गरिने नदीघाटको नाम | उत्खनन् गर्ने परिमाण (घ.फि.) | बोलपत्र दाताको नाम | कबोल रकम (मू.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आय १६-२०७९/०८० | तिनाउ नदीको - डिंगरनगर घाटक्षेत्र, वडा नं. ३ र ४ | ५४१००० | सिध्दबाबा निर्माण तथा डिप ट्युबेल, बुटवल, रुपन्देही | १,१९,७८,०००।- | |



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | आय १७-२०७९/०८० | तिनाउ नदीको - गोरकट्टा घाटक्षेत्र, वडा नं. ६ | १३६७००० | कोरल निर्माण प्रा.लि., विनयी त्रिवेणी, नवलपरासी | ३,१५,००,०००।- | |
| ३ | आय १८-२०७९/०८० | तिनाउ नदीको - हरपुर घाटक्षेत्र, वडा नं. ६ | १६८५००० | बस्याल बिन्दबासिनी निर्माण सेवा, पुतलीसडक, काठमाण्डौ | ४,११,२७,४८०।- | |
| ४ | आय १९-२०७९/०८० | तिनाउ नदीको - पहुनी घाटक्षेत्र, वडा नं. ६ | १९०००० | बस्याल बिन्दबासिनी निर्माण सेवा, पुतलीसडक, काठमाण्डौ | ८६,१२,८६०।- | |
| ५ | आय २०-२०७९/०८० | तिनाउ नदीको - सेमरी/सुस्पुरा घाटक्षेत्र, वडा नं. १३ | १२०५००० | लेखिका बिल्डर्स, शुद्धोधन, रुपन्देही | २,५१,९०,५२५।- | |
| ६ | आय २१-२०७९/०८० | तिनाउ नदीको - बाग्धुरा/चम्कीपुर/कौवा घाटक्षेत्र, वडा नं. १४ | १४०१००० | देव सप्लायर्स, तिलोत्तमा, रुपन्देही | २,८७,३२,५१०।- | |

निर्णय नं.५

चालु आ.व.मा इन्धन खर्चमा विनियोजित रकम अपुग भएकोले आर्थिक वर्ष २०७९/०८० को नगर विकास योजना अन्तर्गत पर्यटन प्रोत्साहन काज शीर्षकबाट व्यवस्थापन गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | घट शीर्षक | घट रकम | थप शीर्षक | थप रकम |
|---|---|---|---|---|
| १ | पर्यटन प्रोत्साहन काज | ३५,००,०००/- | इन्धन कार्यालय प्रयोजन | ३५,००,००० |

निर्णय नं.-६

तिलोत्तमा नगरपालिकाको आ.व. २०७९/०८० को लागि स्वीकृत नगर विकास योजनाको सचिवालय मार्फत हुने पुँजीगत खर्च शीर्षकको रु.४०००००००/- (अक्षेरुपी चार करोड मात्र) मिति २०७९/११/२८ को सचिवालय बैठक मार्फत देहायका शीर्षकमा भएको बजेट विनयोजन स्वीकृत गर्ने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

तपसिल

| क. सं. | कार्यक्रम | वडा | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | शुभलाभ पथ ग्राभेल | १ | ४००००० |
| २ | चन्द्रेश्वर महादेव मन्दिरमा पुर्वाधार निर्माण | १ | ५००००० |
| ३ | ड्राईभरटोल बजार पुर्व सडक स्तरोउन्नती | १ | ३००००० |
| ४ | गुरास पथ (ईन्टरलोक) | १ | १५०००० |
| ५ | कोखेली पथ अधुरो सडक कालोपत्रे | १ | ५००००० |
| ६ | सुर्य पथ स्तरोउन्नती | १ | १००००० |
| ७ | पद्मशिल पथ स्तरोउन्नती | २ | ५००००० |
| ८ | रुद्रवती पथ अधुरो सडक कालोपत्रे | २ | १५०००० |
| ९ | पुस्प पथ सडक स्तर उन्नती | २ | ४००००० |
| १० | तिलोत्तमा सहकारी दक्षिणतर्फ मिलन पथ कालोपत्रे | २ | ९००००० |
| ११ | कामधेनु पथ स्तरोन्नती | २ | ३००००० |
| १२ | राम लक्ष्मण मार्ग अधुरो कालोपत्रे | ३ | ३००००० |
| १३ | योगिकुटी स्वाभिमान पथ (ईन्टरलोक) | ३ | ७००००० |
| १४ | दुर्गा भवानी मन्दिर निर्माण | ३ | १०००००० |
| १५ | नमुना पथ स्तरोउन्नती | ३ | ३००००० |
| १६ | गौतम पथमा ३ वटा कल्भर्ट निर्माण | ३ | ३००००० |
| १७ | हरियाली पथमा अधुरो नाली निर्माण | ४ | २५०००० |
| १८ | संगम पथमा कल्भर्ट मर्मत तथा रेलिङ्ग निर्माण | ४ | १५०००० |
| १९ | बहुउद्देश्य सामुदायिक भवन निर्माण | ४ | १०००००० |
| २० | रुद्र पथ कालोपत्रे | ४ | ५००००० |
| २१ | मिलन आमा समुहको भवन निर्माण | ४ | ४००००० |
| २२ | पराजुली पथमा नाली निर्माण | ४ | ५००००० |
| २३ | भक्तपुर पथ (ग) स्तरोउन्नती | ४ | ५००००० |
| २४ | कृष्ण जि.सि.पथमा नाली निर्माण | ४ | १००००० |
| २५ | विकाश पथ नाली निर्माण तथा स्तरोउन्नती | ५ | ९००००० |
| २६ | २ नं.डिउहार निर्माण | ५ | २००००० |
| २७ | कठौलिया समैमाईको थान निर्माण | ६ | ४००००० |
| २८ | तिलोत्तमा व्याडमिन्टन क्लबमा जेनेटर खरिद | ६ | २००००० |
| २९ | मानवसेवा आश्रम पुर्वाधार निर्माण | ६ | १०००००० |
| ३० | धौलागिरी पथ कालोपत्रे | ६ | ३००००० |
| ३१ | वि.पी. मार्ग कालोपत्रे | ६ | २०००००० |
| ३२ | अधुरो डिउहार निर्माण, वरगदवा | ७ | २००००० |
| ३३ | सखुवी बिश्नुपुरा सडक स्तरोउन्नती | ७ | ४००००० |
| ३४ | सेमरा बजार मा.वि.मा चमेना गृह निर्माण | ७ | ७००००० |



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३५ | चम्कीपुर आमा समुहमा कुर्ची खरिद | ७ | ५०००० |
| ३६ | शान्ती पथमा कुलोमा वाल निर्माण | ७ | ५००००० |
| ३७ | मिलनशिल आमा समुहको भवन निर्माण | ७ | २००००० |
| ३८ | नन्देबाबा मन्दिर तटबन्ध निर्माण | ७ | ४००००० |
| ३९ | ४ नं. साईकल चोक देखि सुस्पुरा जाने सडक स्तरोउन्नती | ८ | ४००००० |
| ४० | संगम पथमा कुलो निर्माण | ८ | ४००००० |
| ४१ | जनभावना मा.वि.मा फाईवरको फर्निसिङ्ग तथा रंग रोगन | ८ | ६००००० |
| ४२ | बुद्ध वथमा स्लेप निर्माण | ८ | ५००००० |
| ४३ | ज्योतिनगर महुवारी सडक स्तरोउन्नती | ८ | ४००००० |
| ४४ | यम आचार्यको घर अगाडी बाटो कालोपत्रे | ८ | २७०००० |
| ४५ | उत्तर ज्योतिनगर कुलो निर्माण | ८ | ५००००० |
| ४६ | उत्तर ज्योतिनगर नवज्योति आमा समुहको भवन मर्मत | ८ | २००००० |
| ४७ | शान्ती पथमा नाली निर्माण | ९ | ७००००० |
| ४८ | ज्ञानोदय टोल विकास अन्तर्गत मुडियारी कुलोमा रिटनिङ्ग वाल निर्माण | ९ | २००००० |
| ४९ | छटपर्वको लागि विश्व शान्ती विद्दयालय भित्र कुलोमा सिडि निर्माण | ९ | १००००० |
| ५० | मदन कृष्ण पथमा नालि सहित ग्राभेल | ९ | ४५०००० |
| ५१ | काली गण्डकी पथ स्तरोउन्नती | ९ | ५००००० |
| ५२ | बुद्ध गुम्बा पुर्वाधार निर्माण | १० | २००००० |
| ५३ | सृजनशिल आमा समुहको समुहको भवन निर्माण | १० | ४००००० |
| ५४ | जमुहानि डिउहार निर्माण | ११ | २००००० |
| ५५ | शहरि स्वास्थ्य केन्द्रमा खोप पुर्वाधार निर्माण | ११ | २५०००० |
| ५६ | भुपु सैनिक रोहिणी सुखौरा पथ अधुरो नालि निर्माण | ११ | ३००००० |
| ५७ | कुमारी देखी मन्द्रानी जाने सडक कालोपत्रे | ११ | ६००००० |
| ५८ | नयाँ बस्ती देखि संगम पथ जोडने सडक कालोपत्रे | ११ | २५०००० |
| ५९ | गाईघाट मन्दिरको सभाहलमा भौतिक पुर्वाधार निर्माण | ११ | २००००० |
| ६० | मद्रहानी कमल पोखरी सौर्य पम्प जडान उपभोक्ता समिति सिंचाई वोरिङ गाडने | | १००००० |
| ६१ | कुमारवर्ती मार्ग स्तरोउन्नती | ११ | ३००००० |
| ६२ | सिद्धार्थपथ(ईश्वर पौडेलको घर अगाडी सडक कालोपत्रे) | ११ | २००००० |
| ६३ | केशरी रानाको घर देखि (ग्रुप नं.४)आनन्दभवन सम्म नाली निर्माण | ११ | २००००० |
| ६४ | शिवालय टोलको जुटपानी सिमानाको घोला तारवार | ११ | २००००० |
| ६५ | डिउहार बाबा पथ ग्रावेल,महुवारी | ११ | १००००० |
| ६६ | भुल्कागाँउमा दुर्गा मन्दिरमा पर्खाल निर्माण | ११ | २००००० |
| ६७ | पर्शुको घरदेखि नागरिक सचेतना भवन जाने सडक कालोपत्रे | १२ | ५००००० |



नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६८ | जोगिया चोक देखि प्रगतिनगर क टोल बाटो कालोपत्रे | १२ | ५००००० |
| ६९ | जनता मावि चोकबाट मोहनाजोत तुकतुकिया सडक कालोपत्रे | १२ | ५००००० |
| ७० | श्रम पथ स्तरोउन्नती | १३ | ५००००० |
| ७१ | नागवेली पथ सडक स्तरोउन्नती | १३ | ८००००० |
| ७२ | करौजिया थारु डिउहार निर्माण | १३ | २००००० |
| ७३ | दुर्गा मा.वि.मा खेल मैदान संरक्षण | १४ | २५०००० |
| ७४ | बाउन्नकोटी गौशाला व्यवस्थापन | १४ | १००००० |
| ७५ | सुपौलीमा सामुदायिक सभाहलमा पुर्वाधार निर्माण | १४ | २००००० |
| ७६ | सुपौली घनावा खोला भुमी संरक्षण | १४ | २५०००० |
| ७७ | बोहरा मिल केवट टोल सडक स्तरोउन्नती | १४ | ३५०००० |
| ७८ | महादुर्गा थारु आमा समुह मन्दिर निर्माण,बागधुरा देवीनगर | १४ | २००००० |
| ७९ | मधवलिया गुरुङ्ग समाज भवनमा ट्रस निर्माण | १५ | ४००००० |
| ८० | गुम्बा पथ देखि मिना पाण्डेको झरन अधुरो नाली निर्माण | १५ | १००००० |
| ८१ | इन्द्रेणी पथमा मिस्कट फिलिङ्ग | १५ | १००००० |
| ८२ | मुनाल पथमा अधुरो विद्युतीय तारपोल | १५ | १००००० |
| ८३ | नमुना पथमा अधुरो नाली तथा नालीको वाल निर्माण | १५ | २००००० |
| ८४ | दुर्गा मन्दिर निर्माण, कोटिहवा | १५ | ८००००० |
| ८५ | पाल्पाली पथ स्तरोउन्नती | १६ | ३००००० |
| ८६ | सैनिक पथमा नाली निर्माण | १६ | २००००० |
| ८७ | प्रगति टोलको कृर्षी सडकमा अधुरो नाली निर्माण | १६ | ३००००० |
| ८८ | फुलवारी मार्ग वडा कार्यालय जाने बाटो कालोपत्रे | १६ | ९००००० |
| ८९ | मुडियारी डिउहार निर्माण | १७ | ६००००० |
| ९० | कानपारा जाने सडकमा जिर्ण पुल मर्मत र सडक स्तरोउन्नती | १७ | ७००००० |
| ९१ | अम्रहवा शिव मन्दिर निर्माण | १७ | २००००० |
| ९२ | तिलोत्तमा गौशालामा गोठ निर्माण | 1,८ | ५००००० |
| ९३ | फेसन डीजाईनर तालिम महिला | | ४००००० |
| ९४ | नगर उप-प्रमुख दायित्व ग्रामिण उधम द्रुतिकरण कार्यक्रम विजकोष | | ३००००० |
| ९५ | राममणी क्याम्पसमा कुर्सी खरिद | | १००००० |
| ९६ | तिलोत्तमा सामुदायिक संस्था क्षमता विकास कार्यक्रम | | ६५००० |
| ९७ | सन्चारीका समुह रुपन्देही क्षमता विकास कार्यक्रम | | ६५००० |
| ९८ | राममणी क्याम्पस माटो पटान | | १०००००० |
| ९९ | तिलोत्तमा गौशालामा तारवार | | १३५०००० |
| १०० | तिलोत्तमा ख्रीष्टियन समाजको भवन निर्माण | नगर | ४००००० |
| | जम्मा | | ४०००००० |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-७

तिलोत्तमा नगरपालिकाको चालु आ.व. ०७९/०८० को नगर विकास योजना अन्तर्गतका तपसिलका वडा स्तरीय योजनाहरु सम्बन्धित वडा समितिको निर्णयबाट संशोधनको लागि लेखी आएकोले लागत सहभागिताको पूर्व सर्त बमोजिम हुने गरी तथा स्थानीय स्तरमा विवाद नहुने गरी वडा कार्यलयले कार्यक्रम गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं. | नगर विकास योजनामा भएको नाम | योजनाको संशोधित नाम | वडा समितिको निर्णय मिति |
|---|---|---|---|---|
| १ | १ | शी.नं.३०३०-१ मा आवश्यकता अनुसार कार्यान्वयन गर्न एकमुष्ठ विद्युत तार व्यवस्थापनमा विनियोजित रु.३ लाखलाई | वडाभित्रका विभिन्न टोलमा विद्युत तार व्यवस्थापन तथा ह्युमपाइप खरिद जडान | २०७९/१२/०२ |
| | | शी.नं. ३०१०-२४मा आवश्यकता अनुसार कार्यान्वयन गर्न एकमुष्ठ कल्भर्ट निर्माणमा विनियोजित रकम रु.४लाख ९५ हजारबाट मध्येबाट | वडाभित्रका विभिन्न सडक ग्राभेलमा रु. ३ लाख ३५ हजार खर्च गर्ने । | २०७९/११/२९ |
| २ | ४ | शी.नं. (३०१०-८१) मिलन पथ कालोपत्रे | मिलन पथ कालोपत्रे मर्मत स्तरोन्नती | २०७९/०९/१० |
| ३ | १० | शी.नं. ३०२०-३९ मैनहवा कोटहिमाई मन्दिर निर्माण १ लाख ५० हजार विनियोजन बजेट | मैनहवा डिउहार अधुरो भवन निर्माणमा थप गर्ने | २०७९/११/१२ गते |
| ४ | १३ | (३०२०-५७) मा सार्वजनिक जग्गाको साधमा पोल गाड्नको लागि रु.५० हजार विनियोजन भएकोमा | नामाकरण भएका विभिन्न मार्गमा सिमेन्ट वोर्ड राख्ने कार्य | २०७९/१२/२३ गते |
| | | शी.नं.३०१०-२४४धुरा क्षेत्रको दक्षिण तर्फको भाग पुल सम्म नाली निर्माणमा विनियोजित रकम रु.६ लाखलाई | बिसौरिया गाउँमा नाली निर्माण खर्च गर्ने । | २०७९/११/२२ गते |
| | | शी.नं.३०१०-२५५ मरहिमाई मार्ग देखि अगाडी पुल सम्मको बाटो नाली निर्माणमा विनियोजित रकम रु.३ लाख ५० हजारलाई | शी.नं. ३०१०-२५६ भगवन्टी गाहाको घर पछाडीको कल्भर्ट निर्माणमा विनियोजित रकम रु.२ लाखमा थप गरी जम्मा रु.५ लाख ५० हजार खर्च गर्ने । | २०७९/१२/२२ गते |
| ५ | १४ | शी.नं.३०१०-२८६ स्कुलडाँडा पोखरी देखि उत्तर जाने सडक ग्राभेलमा विनियोजित रकम रु.१ लाख | दुर्गा नगर वनकट्टी चोक देखि भुल्केपानी जाने सडक ग्राभेल तथा विस्तार रु.२ लाख | २०७९/१२/२२ |
| | | शी.नं.३०१०-२८७ दुर्गानगर चन्द्रकान्तको घर देखि पश्चिम जाने सडक ग्राभेलमा विनियोजित रकम रु.१ लाख | | |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | शी.नं.३०२०-७२ ट्युवेल नं.१८ झ्यालढोका निर्माण तथा मर्मतमा विनियोजित रकम रु.५० हजार | टिकुलीगढ थारु गाउँमा चापाकल बोरिङ्ग निर्माण | |
| | | शी.नं.३०२०-६४ टिकुलीगढ खानेपानी माटो फिलिङ्गमा विनियोजित रकम रु.५ लाख मध्येबाट | टिकुलीगढ खानेपानी माटो फिलिङ्गमा रु.३ लाख ६० हजार | |
| | | | खानेपानीको कार्यालय व्यवस्थापन रु.१ लाख ४० हजार | |
| ६ | १६ | शी.नं.३०२०-९५ जग्गा नापी खर्चमा विनियोजित रु.३ लाख | ३०१०-३२९ जुडा गाँउ पूर्व भुई ढलानमा थप गर्ने । | २०७९/१२/२३ |

**निर्णय नं.-८**

जिल्ला समन्वय समितिको कार्यालय, सिद्धार्थनगर, रुपन्देहीको प.सं. २०७९/०८०, च.नं. ३५६, मिति २०७९/१२/२२ गतेको पत्रानुसार मिति २०७९/१२/१० गते बसेको पालिकास्तरीय घुम्ती बैठक र प.सं. २०७९/०८०, च.नं. ३५७, मिति २०७९/१२/२२ गतेको पत्रानुसार मिति २०७९/१२/२१ गते बसेको नदीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठकका निर्णयहरु सम्बन्धमा जानकारी प्राप्त भयो ।

**निर्णय नं.-९**

तिलोत्तमा उद्योग व्यापार संगठन, तिलोत्तमा-१५ कोटिहवाको प.स.०७९/८० च.नं. १७ मिति २०७९/०७/२९ गतेको पत्रानुसार दोस्रो तिलोत्तमा राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव-२०७९ का लागि आर्थिक सहयोग माग भई आएकोमा कार्यक्रम खर्च शीर्षकबाट रु.७५००००/- (अक्षरुपी सात लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-१० विविध (क)**

राष्ट्रिय र स्थानीय स्तरमा कोरोना भाईरस संक्रमणको दर बढ्दै गएकाले आवश्यकता अनुसार वडास्तर र नगर स्तरबाट संक्रमण रोकथामका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१० विविध (ख)**

तिलोत्तमा नगरपालिकाको पूँजीगत खर्च तर्फको प्रगती आशातित रुपमा प्रभावकारी नदेखिएकोले पूँजीगत खर्च वृद्धी गर्ने तर्फ कार्यक्रमहरु प्रभावकारी रुपमा अगाडी बढाउने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख